"कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि"
हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(कृषि सेवा केन्द्र)
पञ्चामी, पाँचथर
कोशी प्रदेश, नेपाल
अध्यक्षः-९८५२६८११७२
उपाध्यक्षः-९८६२७७२८७९
प्र.प्र.अः-९८५२६८४४७७

प. सं.:- २०७९/०८० मितिः-२०८०/०१/०५

## नयाँ पकेट विकास कार्यक्रमका लागि सम्झौता गर्न आउने सम्बन्धीसूचना।

प्रस्तुत विषयमा हिलिहाङ गाउँपालिकाको चालु आ.व. २०७९/०८० को संघिय शर्सत अनुदान तर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ तरकारी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम कार्यान्वयनका लागि कार्यालयबाट प्रथम पटक मिति २०७९/१०/०४ गते र दोस्रो पटक मिति २०७९/११/११ गते प्रकाशित प्रस्ताव आव्हानको सूचना उपर हिलिहाङ गाउँपालिका भरि बाट जम्मा दुई(२) वटा प्रस्तावहरु दर्ता भई आएकोले परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को दफा ४.१.८ को उपदफा (ख) बमोजिम व्यवस्था भएको प्राविधिक समितिले गरेको स्थालगत फिल्ड भेरिफिकेसन/अनुगमनको आधारमा तयार गरिएको प्रतिवेदन र सोको आधारमा म्यानुअलको अनुसुची-११ बमोजिमको मुल्याङ्कन गरि मिति २०७९/१२/२० गतेमा बसेको प्राविधिक समिति बैठकले पकेट छनौटको लागि मिति २०७९/१२/२० गते गाउँपालिकामा प्रतिवेदन पेश गरेको र गाउँकार्यपालिका बैठकले मिति २०७९/१२/२७ गतेतपसिल बमोजिमका समुहहरुलाई तपसिल बमोजिमको बजेट सहित पकेट क्षेत्रहरु कार्यक्रम संचालनका लागि स्वीकृत भइ आएकोले यो सुचना प्रकाशन भएको मितिले पन्ध्र(१५) दिन भित्र अर्थात मिति २०८०/०१/१९ गते बिहिबार कार्यालय समय भित्र तपशिल बमोजिमका कागजातहरु अनिवार्य रुपमा संलग्न गरि हिलिहाङ गाउँपालिकामा सम्झौता गर्न आउनु हुनसम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छासाथै यस विषयमा थप जानकारीको लागि हिलिहाङ गाउँपालिका कृषि सेवा केन्द्र सम्पर्क नं ९८४५७२०९९२,९८१५०२७०२८ मा सम्पर्क गर्न सक्नु हुनेछ।

**तपशिलः**

| क्र. स. | कार्यक्रम | समूह | ठेगाना | स्वीकृत अनुदान रु(हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी पकेट | नयाँ सुर्योदय आई.पी.एम कृषक समुह | हिलिहाङ वडा नं ७ | ६०० | |
| २ | तरकारी पकेट | आद मुखी कृषि तथा पशुपञ्छी पालन समुह | हिलिहाङ वडा नं १ | ६०० | |

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

१. सम्झौता गरिपाउँ व्हहोरा सहितको निवेदन।
२. कृषि समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्र,स्थाई लेखा नम्बर, कर चुक्ता प्रमाणपत्र र गत आ.व. को लेखा परिक्षणको प्रतिलिपि र समुहको नाममा रहेको चेकबुक।
३. कार्यक्रम सम्झौताको लागि र कार्यक्रममा समावेश हुने मुख्य मुख्य क्रियाकलापको विवरण सहित कार्यसमितिको निर्णयको प्रतिलिपि। साथै निर्माण कार्यको हकमा लागत इष्टिमेट र मेशिन उपकरणहरु खरिद भए सो को विवरण।
४. सम्झौता गर्न आउने आधिकारिक व्यक्तिलाई सम्झौता गर्नको लागि कार्यसमितिको निर्णय सहितको अख्तियारीनामा पत्र।
५. सम्झौताको लागि सम्बन्धित वडाको सिफारिस।
६. परियोजना कार्यान्वयन म्यानुल २०७७ बमोजिम ५०% सम्म लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।

.................................
हेम राज पन्त
स. कृषि प्रसार अधिकृत

.................................
प्रकाश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत